## आकाशवाणी समाचार- नेपाली

मितिः २५ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्री नरेंद्र मोदीले मॉरीशसका प्रधानमंत्री डॉ. नवीनचंद्र रामगुलामसित फोनमार्फत बात गर्नुभयो।

- केंद्रीय गृह मंत्री अमित शाहले वर्ष 1975 मा लगाइएको आपातकालको कडा आलोचना गर्नुहुँदै आपातकालको उद्देश्य देशको सुरक्षा नभएर तत्कालीन प्रधानमंत्री इंदिरा गांधीको सत्ता बचाउनु रहेको बताउनुभएको छ ।

- रक्षामन्त्री राजनाथ सिंहले आजदेखि शुरु हुने सांघाई सहयोग संगठन-एससीओ रक्षा मन्त्रीहरूको बैठकमा उच्चस्तरीय भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुनेछ ।

- पश्चिम एशियामा तनाव अनि प्रस्तावित व्यय वृद्धि मुद्दामाथि चर्चाका लागि हेगमा दुइ दिवसीय नाटो शिखर सम्मेलन शुरू भएको छ।

- दुई पटकका ओलम्पिक पदक विजेता नीरज चोपडाले ओस्ट्राभा गोल्डेन स्पाइक प्रतियोगितामा स्वर्ण पदक जितेका छन्।

**<u>प्रधानमंत्री-मॉरीशस बात</u>**

प्रधानमंत्री नरेंद्र मोदीले मॉरीशसका प्रधानमंत्री डॉ. नवीनचंद्र रामगुलामसित फोनमार्फत बात गर्नुभयो। सोशल मीडियामा पोस्ट साझा गर्नुहुँदै प्रधानमंत्रीले भन्नुभयो, दुई नेताहरुले दुइ देशहरु बीच बढ़ी रहेको रणनीतिक साझेदारीलाई अझ गहिरो गर्नका लागि आफ्नो साझा प्रतिबद्धता पुष्टि गरेको छ। श्री मोदीले 'विजन महासागर' र भारतको 'छिमेकी प्रथम नीति' अनुरूप मॉरीशसको विकास प्राथमिकताहरु प्रति भारतको दृढ़ प्रतिबद्धतालाई पनि दोहोर्यउनु भयो। दुइ नेताहरुले विकास साझेदारी, क्षमता निर्माण, रक्षा, समुद्री सुरक्षा, डिजिटल बुनियादी ढांचा र नागरिकहरु बीच संबंधसहित धेरै क्षेत्रमा चलिरहेको सहयोगमाथि चर्चा गरे।

**<u>शाह-आपातकाल</u>**

केंद्रीय गृह मंत्री अमित शाहले वर्ष 1975 मा लगाइएको आपातकालको निम्ति कांग्रेसको कडा आलोचना गर्नुभएको छ| उहाँले भन्नुभयो आपातकालको उद्देश्य देशको सुरक्षा नभएर तत्कालीन प्रधानमंत्री इंदिरा गांधीको सत्ता बचाउनु थियो। नयाँ दिल्लीमा **आपातकालको 50 वर्ष** भएको अवसरमा आयोजित कार्यक्रमलाई संबोधित गर्नुहुँदै श्री शाहले यस्तो टिप्पणी गर्नुभएको हो। उहाँले सबै नागरिकहरुलाई लोकतंत्रका लागि लाखौ मानिसहरुले आफ्नो जीवन, करियर र परिवारको बलिदान दिएको स्मरण गर्न आग्रह गर्नुभयो।

**बाइट-अमित शाह**

उहाँले यो पनि भन्नुभयो, त्यस समय देशका नागरिकहरुलाई केवल स्वतंत्र विचारका कारण जेल हालिएको थियो। उहाँले प्रधानमंत्री नरेन्द्र मोदीले यसबारेमा एक पुस्तक लेख्नु भएको जानकारी दिंदै यसको विमोचन आज गरिने बताउनुभयो। श्री शाहले

भन्नुभयो यो  पुस्तक आपातकाल अवधि अनि  आपातकालपछिको संघर्ष तथा विकासमा आधारित छ।

**उपराष्ट्रपति-दौरा**

उपराष्ट्रपति जगदीप धनखड़ आजदेखि उत्तराखंडको नैनीतालमा तीन दिवसीय भ्रमणमा रहनु हुनेछ। उहाँले कुमाऊं विश्वविद्यालयको स्वर्ण जयंती समारोहको अध्यक्षता गर्नुहुनेछ अनि छात्र तथा संकाय सदस्यहरुलाई संबोधित गर्नुहुनेछ। शुक्रवारको दिन उहाँ शेरवुड कॉलेजको 156 औ संस्थापक समारोहको मुख्य अतिथिको रूपमा उपस्थित रहनु हुनेछ।

**राजनाथ-एससीओ बैठक**

रक्षामन्त्री राजनाथ सिंहले सांघाई सहयोग संगठन-एससीओ रक्षा मन्त्रीहरूको बैठकमा उच्चस्तरीय भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुनेछ । बैठक आजदेखि चीनको छिङदाओमा सुरु हुनेछ। दुई दिने बैठकमा एससीओ सदस्य देशका रक्षा मन्त्रीहरूले क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षा, आतंकवाद विरोधी प्रयासहरू र रक्षा मन्त्रालयहरू बीचको सहयोग बढाउने जस्ता धैरै महत्त्वपूर्ण मुद्दाहरूमा छलफल गर्ने अपेक्षा गरिएको छ। यस अवधिमा, श्री सिंहले एससीओको सिद्धान्त र जनादेशप्रति भारतको दृढ प्रतिबद्धतालाई जोड दिने सम्भावना छ। उहाँले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा प्रवर्द्धन गर्ने भारतको दृष्टिकोणको पनि उल्लेख गर्नुहुनेछ र क्षेत्रमा आतंकवाद र अतिवाद उन्मूलन गर्न संयुक्त प्रयासहरूको लागि आह्वान गर्नुहुनेछ। रक्षामन्त्रीले बैठक बाहेक चीन र रूस जस्ता धैरै सहभागी देशहरूका रक्षा मन्त्रीहरूसँग द्विपक्षीय छलफल पनि गर्नु हुनेछ । सांघाई सहयोग संगठन २००१ मा स्थापित एक अन्तर-सरकारी निकाय हो। भारत २०१७ मा यसको पूर्ण सदस्य बन्यो।

**मुख्यमंत्री - विदेश मंत्री**

तमिलनाडुको मुख्यमंत्री एम.के.स्टालिनले विदेश मंत्री डॉ. एस. जयशंकरसंग ईरानमा फसेका  तमिलनाडुको  मछुआराहरुको सुरक्षित फिर्ताको  निम्ति  तत्काल कूटनीतिक कदम चल्ने अपील गर्नु भएको छ । श्री स्टालिनले एक पत्रमा जानकारी गराउनु भएको छ कि तमिलनाडुको कन्याकुमारी, तिरुनेलवेली, थुथुकुडी र रामानाथपुरम जिल्लाका ६५१ मछुवाराहरू हाल इरानमा छन्। यस क्षेत्रमा बढ्दो द्वन्द्वका कारण उनीहरूले धैरै कठिनाइहरूको सामना गरिरहेका छन् र फर्कन असमर्थ छन्।

**गोयल-5 ट्रिलियन इक्नोमी**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो वैश्विक उथल-पुथल बीच पनि भारत सामूहिक राष्ट्रीय प्रयासले 2027 सम्म पांच ट्रिलियन अमरीकी डॉलरको अर्थव्यवस्था बन्ने मार्गमा अघि बढिरहेको छ। श्री गोयलले हिज मर्चेंट्स चैंबर ऑफ कॉमर्स एंड इंडस्ट्री द्वारा आयोजित  वर्चुअल सत्रमा भन्नुभयो सरकारले भारतीय दृष्टिकोण अनुरूप सेवा, सुशासन अनि नवाचारमा आधारित योजनाबद्ध विकासमाथि ध्यान केंद्रित गरेको छ। श्री गोयलले भन्नुभयो भारतको स्थान "नाज़ुक पांच" अर्थव्यवस्थाहरुमा सामेल थियो तर अब देश शीर्ष पांच वैश्विक अर्थव्यवस्थाहरुमा सामेल भएको छ । उहाँले भन्नुभयो देशको विदेशी मुद्रा भंडार  हालै 698 बिलियन अमरीकी डॉलर सम्म पुगेको छ। यसको साथै बैंकिंग क्षेत्र पनि मज़बूत बनेको छ अनि मुद्रास्फीतिको स्तर स्वतंत्रतापछि सबैभन्दा कम भएको छ।

**नाटो - समिट**

पश्चिम एशियामा तनाव अनि प्रस्तावित व्यय वृद्धि मुद्दामाथि चर्चाका लागि हेगमा दुइ दिवसीय नाटो शिखर सम्मेलन शुरू भएको छ। नाटो सदस्यहरुले रक्षा व्ययमा वृद्धिलाई मंजूरी दिन सक्ने आशा गरिएको छ। यस बीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नीदरलैंडमा हुने महत्वपूर्ण शिखर सम्मेलनका लागि प्रस्थान गर्न अघि नाटोको मुख्य पारस्परिक रक्षा प्रतिज्ञा प्रति आफ्नो प्रतिबद्धतामाथि संदेह जताउनु भयो। नाटो सैन्य गठबंधनका प्रमुख मार्क रूटेले भन्नुभयो, यो अकल्पनीय छ कि रूस

पश्चिमी रक्षा गठबंधनभन्दा अघि बढेको छ। नाटो सदस्यहरुले 2035 सम्म मुख्य सैन्य आवस्यकतामाथि सकल घरेलू उत्पादको 3.5 प्रतिशत खर्च गर्नमा सहमति जताएको छ|

**शिवराज-बैठक**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले हिज नयाँ दिल्लीमा विकसित कृषि संकल्प अभियानको उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। यस क्रममा दुई हजार एक सयभन्दा बढी नोडल अधिकारीहरूले अभियानबाट प्राप्त प्रमुख निष्कर्षहरू, क्षेत्रीय अनुभवहरू र कार्ययोग्य जानकारी प्रस्तुत गरे। कृषि तथा किसान कल्याण मन्त्रालयका अनुसार, बैठकले गत महिनाको २९ तारिखदेखि यस महिनाको १२ तारिखसम्म सञ्चालन गरिएको अभियानको नतिजामा केन्द्रित रह्यो र भविष्यको रणनीतिक रूपरेखामा छलफल गरियो। बैठकमा, श्री चौहानले अभियानलाई स्वतन्त्र भारतमा एक ऐतिहासिक आन्दोलनको रूपमा वर्णन गर्नु भयो । उहाँले दाल, तिलहन, भटमास, कपास र उखु लगायतका प्रमुख बालीहरू सुधार गर्न बाली युद्ध सुरु गर्ने प्रस्ताव पनि राख्नु भयो ।केन्द्रीय मन्त्रीले आय वृद्धि, खाद्य सुरक्षा र भारतलाई विश्वव्यापी खाद्य टोकरीको रूपमा स्थापित गर्ने कुरामा नयाँ ध्यान केन्द्रित गर्नु हुँदै पहल जारी रहने कुरामा पनि जोड दिनु भयो ।

**एक्सिओम-4 -प्रक्षेपण**

भारतको शुभांशु शुक्लालाई अंतरिक्षमा लाने एक्सिओम-4 मिशनलाई भारतीय समयानुसार आज दिउसो १२ बजेर एक मिनटमा अमरीकामा फ्लोरिडाको कैनेडी अंतरिक्ष केन्द्रबाट प्रक्षेपित गरिनेछ। भारतीय अंतरिक्ष अनुसंधान संगठन-इसरोले सोशल मीडिया पोस्टमा भनेको छ 28 घंटाको यात्रापछि एक्सिओम-4 अंतरराष्ट्रीय अंतरिक्ष केन्द्रसित जोडिने छ । यस मिशनलाई पहिले 29 मईमा प्रक्षेपित गरिने भनिएको थियो तर, तकनीकी गड़बडी, मौसमको प्रतिकुल स्थिति र रिसावका कारण दिलाई भएको हो। थप जानकारी हाम्रो संवाददाताबाट ...

**नीरज चोपड़ा - भाला फेंक स्वर्ण**

दुई पटकका ओलम्पिक पदक विजेता नीरज चोपडाले ओस्ट्राभा गोल्डेन स्पाइक प्रतियोगितामा स्वर्ण पदक जितेका छन्। नीरजले आफ्नो उत्कृष्ट प्रयासमा ८५.२९ मिटर भाला प्रहार गरे। दक्षिण अफ्रिकाका डु स्मिटले ८४.१२ मिटरको थ्रोका साथ दोस्रो स्थान हासिल गरे। ग्रेनाडाका एन्डरसन पिटर्सले ८३.६३ मिटरको थ्रोका साथ तेस्रो स्थान हासिल गरे।

**टेस्ट क्रिकेट - भारत – इंग्लैंड**

टेस्ट क्रिकेटमा, इंग्लैंडले लीड्सको हेडिंग्लेमा एंडरसन-तेंदुलकर क्रिकेट ट्रॉफीको पहिलो मैचमा भारतलाई पांच विकेटले हराएको छ।